# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ६७) काठमाडौं, असार २६ गते, २०७४ साल (संख्या १५

## भाग ४

**नेपाल सरकार**

## अख्तियार दुरुपयोग अनुसन्धान आयोगको सूचना

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले नेपालको संविधानको धारा २३९ को उपधारा (५) ले दिएको अधिकार प्रयोग गरी अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ बमोजिम आयोगलाई प्राप्त अधिकारहरुमध्ये निम्न शर्तहरुका अधीनमा रही आ-आफ्नो जिल्लाभित्र उजुरी दर्ता, छानबिन, अनुसन्धान तहकिकात एवं निर्णय गर्न निम्न जिल्लाका प्रमुख जिल्ला अधिकारी (यसपछि "अनुसन्धान अधिकृत" भनिएको) लाई अर्को व्यवस्था नभएसम्मका लागि देहायबमोजिमको अधिकार प्रत्यायोजन गरेकोले यो सूचना प्रकाशन गरिएको छः-

१. <u>अधिकार प्रत्यायोजन गरिएका देहायका प्रदेशअन्तर्गतका जिल्लाका प्रमुख जिल्ला अधिकारीहरुः-</u>

(क) प्रदेश नं. १ अन्तर्गतः- ताप्लेजुङ, पाँचथर, संखुवासभा, भोजपुर, सोलुखुम्बु, ओखलढुङ्गा र खोटाङ जिल्ला ।

(ख) प्रदेश नं. ३ अन्तर्गतः- दोलखा र रामेछाप जिल्ला ।

(ग) प्रदेश नं. ४ अन्तर्गतः- मनाङ, मुस्ताङ, गोरखा र लमजुङ जिल्ला ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(घ) प्रदेश नं. ५ अन्तर्गतः- गुल्मी, अर्घाखाँची, रोल्पा, प्युठान र रुकुम (अर्को व्यवस्था नभएसम्म प्रदेश नं. ५ र प्रदेश नं. ६ अन्तर्गतको दुबै भाग) जिल्ला।

(ङ) प्रदेश नं. ६ अन्तर्गतः- सल्यान, डोल्पा, जुम्ला, मुगु, हुम्ला, कालिकोट र जाजरकोट जिल्ला ।

(च) प्रदेश नं. ७ अन्तर्गतः- दार्चुला, बाजुरा, बझाङ, अछाम र बैतडी जिल्ला ।

२. प्रमुख जिल्ला अधिकारीले अनुसन्धान गर्न सक्ने देहायका सार्वजनिक पद धारण गरेका व्यक्तिहरुः-

(क) प्रदेश प्रमुख, प्रदेश सभाका सभामुख, उपसभामुख एवं सदस्यहरु, प्रदेश मन्त्रिपरिषद्का सदस्यहरु तथा प्रदेशस्तरका निकायमा कार्यरत राजपत्राङ्कित द्वितीय श्रेणीसम्मका कर्मचारीहरु बाहेक प्रदेशस्तरका निकायमा कार्यरत सोभन्दा तल्लो दर्जामा कार्यरत कर्मचारीहरु,

(ख) जिल्ला प्रशासन कार्यालय बाहेकका राजपत्राङ्कित तृतीय श्रेणी वा सोसरह र सोभन्दा तल्लो दर्जामा कार्यरत कर्मचारीहरु,

(ग) जिल्ला समन्वय समितिका प्रमुख, उपप्रमुख तथा सदस्यहरु बाहेक जिल्लास्थित स्थानीय तहका पदाधिकारीहरु, कर्मचारीहरु तथा सो निकायमा कुनै लाभको पद धारण गरेका व्यक्तिहरु,

(घ) आफ्नो क्षेत्रभित्रका नेपाल सरकारद्वारा सञ्चालित वा नेपाल सरकारको पूर्ण वा आंशिक अनुदानप्राप्त विश्वविद्यालय, महाविद्यालय, विद्यालय, अनुसन्धान केन्द्र र यस्तै प्रकृतिका अन्य प्राज्ञिक वा शैक्षिक संस्थाका उपकूलपति, रजिस्ट्रार, शिक्षाध्यक्ष, डीन, शिक्षा सेवा आयोगका अध्यक्ष, सहप्राध्यापक (रिडर) वा सो सरहका पद भन्दा तल्लो तहमा कार्यरत पदाधिकारी, शिक्षक तथा कर्मचारीहरु,

(ङ) आफ्नो क्षेत्रभित्रका नेपाल सरकारको पूर्ण वा आंशिक स्वामित्व वा नियन्त्रणमा रहेका कम्पनी, बैंक वा समिति वा प्रचलित कानूनबमोजिम नेपाल सरकारद्वारा स्थापित आयोग, संस्थान, प्राधिकरण, निगम, प्रतिष्ठान, बोर्ड, केन्द्र, परिषद् वा यस्तै प्रकृतिका अन्य संगठित संस्थाका दशौं तह वा सो



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

सरहको पद भन्दा तल्लो तहमा कार्यरत पदाधिकारी र कर्मचारीहरु,

(च) माथि उल्लिखित सार्वजनिक पद धारण गरेका व्यक्तिहरुले गरेको अख्तियारको दुरुपयोगको कसूरसँग संलग्न अन्य कर्मचारी तथा व्यक्तिहरु ।

३. अनुसन्धान अधिकृतले पालना गर्नुपर्ने शर्तहरुः-

(क) अनुसन्धान अधिकृतले नेपालको संविधान,अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८, भ्रष्टाचार निवारण ऐन, २०५९, अख्तियार दुरुपयोग अनुसन्धान आयोग नियमावली, २०५९ र अन्य प्रचलित कानून तथा आयोगबाट निर्धारित कार्यविधिहरु पालना गर्नु पर्नेछ ।

(ख) आफ्नो क्षेत्राधिकारभित्र नपर्ने उजुरी पर्न आएमा सम्बन्धित निकाय वा पदाधिकारीसमक्ष पठाउनु पर्नेछ वा आफूले कारबाही गर्न तोकिएको पदाधिकारी भन्दा माथिल्लो पदाधिकारीसमेत समावेश भएको देखिन आएमा आयोगको सम्बद्ध कार्यालयमा लेखी पठाउनु पर्नेछ ।

(ग) कुनै उजुरीको अनुसन्धान र तहकिकात आयोगबाटै हुन उपयुक्त देखिएमा कारणसहित आयोगको सम्बन्धित कार्यालयसमक्ष लेखी पठाई निकासा भएबमोजिम गर्नु पर्नेछ।

(घ) अनुसन्धान अधिकृतले अनुसन्धानको कार्य समाप्त भएपछि भ्रष्टाचारमा मुद्दा चलाउनु नपर्नेमा सोहीबमोजिमको रायसहित र चलाउनु पर्ने उचित र पर्याप्त कारण देखिएमा प्रस्तावित अभियोगपत्रको मस्यौदा तयार गरी सक्कल मिसिल निर्णयार्थ आयोगसमक्ष पठाउनु पर्नेछ ।

(ङ) अनुसन्धान अधिकृतले गर्ने प्रारम्भिक छानबिनको कार्य तीन महिनाभित्र सम्पन्न गरी सक्नु पर्नेछ ।उक्त समय अपुग हुने उचित र पर्याप्त कारण देखिएमा आयोगले म्याद थप गर्न सक्नेछ

(च) उजुरीका सम्बन्धमा विस्तृत अनुसन्धान गर्नुपर्ने भए अनुसन्धान अधिकृतले आफ्नो रायसहित शीघ्र आयोगमा पठाई आयोगको निर्णयबमोजिम गर्नु पर्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(छ) आफ्नो अधिकारक्षेत्रभित्र नपरेका उजुरीहरु दर्ता हुन आएमा उजुरी प्राप्त भएको सात दिनभित्र आयोगको सम्बद्ध कार्यालयमा उपलब्ध गराउनु पर्नेछ।

(ज) कुनै उजुरीको अनुसन्धान तहकिकातको सिलसिलामा अनुसन्धान अधिकृतले सम्बन्धित सरकारी वकिलसँग आवश्यकतानुसार राय सुझाव लिन सक्नेछ

(झ) आयोगको सम्बद्ध कार्यालयले आफ्नो क्षेत्रभित्रका अनुसन्धान अधिकृतबाट भएगरेका कार्यको नियमित अनुगमन गर्नु पर्नेछ ।

(ञ) अनुसन्धान अधिकृतले गरेको उजुरीको छानबिन, अनुसन्धान लगायतका कारबाहीको विषयमा आयोगको सम्बद्ध कार्यालयमा चौमासिक प्रतिवेदन पेश गर्नु पर्नेछ साथै सम्बद्ध कार्यालयले सोको विवरण आयोगमा पठाउनु पर्नेछ ।

(ट) आयोगको प्रशासन महाशाखाले प्रत्यायोजित अधिकारहरुको सम्बन्धमा आवश्यकतानुसार अनुगमन, निर्देशन र समन्वय गर्नेछ ।

(ठ) यस सूचनाबमोजिम प्रत्यायोजित अधिकारअन्तर्गत कुनै कारबाही आयोगबाटै गर्न वा त्यस्तो अधिकार अन्य कुनै कर्मचारीलाई सुम्पन तथा आयोगमा परेको कुनैपनि उजुरी आयोगबाटै अनुसन्धान गर्न वा अन्य कर्मचारीलाई सुम्पन यस सूचनाको कुनै प्रावधानले बाधा पुऱ्याएको मानिने छैन ।

खण्ड ६४,सङ्ख्या ३४,मिति २०७१/०९/२८ को नेपाल राजपत्रभाग ४ मा प्रकाशित अख्तियार दुरुपयोग अनुसन्धान आयोगको अधिकार प्रत्यायोजन सम्बन्धी सूचना खारेज गरिएको छ

**आज्ञाले**

**रामकुमार आचार्य**

**नेपाल सरकारको निमित्त सचिव**



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रु. ५।-
गो.हु.द.नं. १६।२०६२।६३

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।